# दिनेश रामजी स्मृति वहुप्राविधिक शिक्षालय

चौतारा साँगाचोकगढी न.पा. - ५, सिन्धुपाल्चोक

बागमती प्रदेश

स्थापित: २०७६

मिति: २०८०।१०।२४

पत्र संख्या :- २०८०/०८१

नेपाल संवत ११४४ पोहेलागा, १२ बुधवार

च. नं.

**विषय: डिप्लोमा इन फार्मेसी कार्यक्रममा नि:शुल्क अध्ययनको लागी प्रवेश परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी जरुरी सूचना**

उपरोक्त सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयको मिति २०८०/१०/२४ को सूचना अनुसार प्राविधिक शिक्षाको पहुँच नपुगेका ८० वटा स्थानिय तहका छात्रछात्राहरुवाट यस शिक्षालयमा संचालन हुने ३६ जना भर्ना कोटाको डिप्लोमा इन फार्मेसी कार्यक्रममा नि:शुल्क अध्ययनको लागी प्रवेश परीक्षा आवेदन खुलेकोले लक्षित स्थानिय तहका ईच्छुक छात्रछात्राहरुलाइ तपसिल अनुसार आवेदन फाराम भरी नि:शुल्क अध्ययनको अवसर सदुपयोग गर्न यो सूचना प्रकासित गरिएको छ।

तपसिल;

१. **आवेदनको लागी न्यूनतम शैक्षिक योग्यता:**

- अक्षराङ्कन पद्दती लागु हुनु पूर्वको प्रवेशिका परीक्षाको हकमा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिइ एस.एल.सी वा सो सरहको परीक्षा उतिर्ण वा, प्राविधिक एस.एल.सी./ प्रि डिप्लोमा तह सिएमए कार्यक्रममा कुल पूर्णाङ्कको ६८.३३ प्रतिशत अंक प्राप्त गरी उतिर्ण गरेको
- अक्षराङ्कन पद्दती लागु हुनु पछिका प्रवेशिका परीक्षाको हकमा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिइ समग्रमा न्युनतम स्तरिकृत अंक ४.० मा २ जि.पि.ए. अथवा सो सरह वा प्रि डिप्लोमा तह सिएमए कार्यक्रममा कुल पूर्णाङ्कको ६८.३३ प्रतिशत अंक प्राप्त गरी उतिर्ण गरेको

२. **आवेदन फाराम पाउने तथा वुझाउने स्थानहरु:**

- परिक्षार्थीहरुले आफ्नो पालिका भएको प्रदेशमा मात्र आवेदन फारम वुझाउन सक्नेछन। प्रत्येक प्रदेशको लागी आवेदन फारम वुझाउने स्थानको लागी परिषद् परीक्षा नियन्त्रण कार्यालयको वेभसाइट www.ctevtexam.org.np मा मिति २०८०/१०/२४ मा प्रकासित सूचना हेर्न सकिने छ।
- वागमती प्रदेश अन्तर्गतका आवेदकहरुका हकमा निम्न स्थानहरुमा आवेदन फाराम वुझाउन सकिने छ:
  - परिषद् प्रदेश कार्यालय, वागमती प्रदेश, हेटौडा, मकवानपुर
  - दिनेश रामजी स्मृति वहुप्राविधिक शिक्षालय, चौतारा, सिन्धुपाल्चोक
  - वालाजु स्कुल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाण्डौ

जो सूचना प्रविधि अधिकृत जी, Website तथा Facebook Page मा Upload गर्नुहोला। [signature] ११।०८

३. **आवेदन फाराम भर्ने मितिः**

- फाराम वितरण मिति : २०८० माघ २५ गते वुधवार देखी
- फाराम वुझाउने अन्तिम मिति : २०८० फागुन १६ गते वुधवार सम्म
- आवेदन फाराम शुल्क : नि:शुल्क

४. **प्रवेश परीक्षा संचालन हुने मिति** : २०८० फागुन २६ गते शनिवार विहान ११:०० वजे।

५. **प्रवेश परीक्षा संचालन हुने स्थान** : परीक्षा केन्द्र सम्वन्धी विस्तृत जानकारी २०८०/११/२१ को गोरखापत्र राष्ट्रिय दैनिक र www.ctevtexam.org.np मा प्रकाशन गरिने छ।

६. **आवेदन साथ पेश गर्न पर्ने आवस्यक कागजातहरु:**

- SEE वा SLC वा TSLC/Pre-diploma को लब्धाङ्क पत्र तथा चारित्रीक प्रमाण पत्र र २९ महिने प्राविधिक एस.एल.सी. को हकमा टेष्ट परीक्षाको लब्धाङ्क पत्रको स्वयंले प्रमाणित प्रतिलिपी
- नेपाली नागरिकता वा नावालीग वा जन्मदर्ता को प्रमाण पत्रको स्वयंले प्रमाणित प्रतिलिपी
- स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (३५ mm * ४५ mm ) को फोटो -३ प्रती
- पालिकावाट स्थायी वसोवास गरेको प्रमाण पत्रको प्रतिलिपी

७. **प्रशिक्षार्थीहरुले पाउने सुविधा:**

प्रवेश परीक्षावाट मुख्य परीक्षार्थीको रुपमा सिफारिश भइ तोकिएको शिक्षण संस्थामा भर्ना भइ परिषद् रजिष्ट्रेशन कायम भएका प्रशिक्षार्थीहरुले निम्न अनुसार सुविधा पाउनेछन;

- क) निर्वाह भत्ता: ३५००/- प्रति महिना
- ख) यातायात खर्च: १५००/- प्रति वर्ष
- ग) पोशाक खर्च: २५००/- प्रति वर्ष
- घ) नि:शुल्क छात्रावास: अध्ययन अवधिभर

८. **कक्षा संचालन मिति: २०८१/०१/०३ वाट**

[signature]

ई. राम चन्द्र दाहाल

शिक्षालय प्रमुख

दोर्दी गाउँपालिका
दर्ता नं.: १५५१
मिति: २०८०/११/०८

Phone: ०११६२०३२३ email: drmpi.sindhu@gmail.com website: www.drmpi.edu.np

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# दिनेश रामजी स्मृति वहुप्राविधिक शिक्षालय

चौतारा साँगाचोकगढी न.पा. - ५, सिन्धुपाल्चोक

बागमती प्रदेश

स्थापित २०७६

**पत्र संख्या :- २०८०/०८१** | **मिति: २०८०।१०।२५**

**चं. नं.** 220 | **नेपाल संवत ११४४ पोहेलागा, १३ विहिवार**

**श्री नगर/गाउँ पालिकाको कार्यालय**

**CTEVT, परीक्षा नियन्त्रण कार्यालयको मिति २०८०/१०/२४ को सूचनामा समावेश भए अनुसारका ८० वटा पालिकाहरु**

**विषय: सूचना प्रशारण गरी प्रवेश परिक्षाको लागी सिफारिस गरदिने सम्वन्धमा**

उपरोक्त सम्वन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयको मिति २०८०/१०/२४ को सूचना अनुसार प्राविधिक शिक्षाको पहुँच नपुगेका ८० वटा स्थानिय तहका छात्रछात्राहरुवाट यस शिक्षालयमा संचालन हुने **३६ जना भर्ना कोटाको डिप्लोमा इन फार्मेसी** कार्यक्रममा **नि:शुल्क** अध्ययनको लागी प्रवेश परीक्षा आवेदन खुलेको सूचना त्यस स्थानिय तहका सवै माध्यामिक विध्यालयहरुमा पठाइदिइ तथा सम्वन्धित छात्रछात्रा विचमा पुग्ने गरी सहयोग गरीदिनहुन तथा तोकिएको शैक्षिक योग्यता पुगेका इच्छुक छात्रछात्राहरुलाइ यस अवसरको लाभ उठाउनको लागी त्यस पालिकामा स्थाइ वसोवास गरेको सिफारिस पत्र समेत उपलव्ध गराइ सूचनामा उल्लेखित स्थानहरुमा प्रवेश परिक्षाको आवेदन फाराम भरी नि:शुल्क अध्ययनको अवसर सदुपयोग गर्न विशेष सहयोग गरिदिनहुन अनुरोध गरिन्छ।

साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयको मिति २०८०/१०/२४ को सूचना, यस शिक्षालयको सूचनाको छुट्टा छुट्टै फायल यसै पत्र साथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध गरिन्छ।

पुनश्च: डिप्लोमा इन फार्मेसी कार्यक्रमको भर्ना सम्वन्धमा कुनै द्विविधा भएमा शिक्षालयको वेवसाइट हेर्नुहुन तथा निम्न अनुसारका व्यक्तीहरुसंग सम्पर्क गर्न सक्नुहुनेछ;

निम्न;

१. ई. राम चन्द्र दाहाल, शिक्षालय प्रमुख (९८५१२७५३१०)
२. प्रकाश श्रेष्ठ, प्रशिक्षक तथा अनुशासन संयोजक (९८४९९२४६९०)
३. ईन्जिव आचार्य, प्रशिक्षक तथा परीक्षा प्रमुख (९८४९३२३९७५)
४. राजेन्द्र वस्नेत, प्रशासकिय सहायक (९८४१९८९९७१)

ई. राम चन्द्र दाहाल
शिक्षालय प्रमुख

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तहका छात्रछात्रालाई डिप्लोमा तहमा निःशुल्क अध्ययनको लागि प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रममा प्रवेश परीक्षाका लागि आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०८०।१०।२४)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्राविधिक महाशाखाको च.नं.१३९६ मिति २०८०।१०।१७ गतेको पत्रानुसार नेपाल सरकारको आर्थिक बर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम प्राविधिक शिक्षाको पहुँच नपुगेका ८० वटा स्थानीय तहका छात्रछात्राहरुबाट निम्न निर्धारित २०० कोटा मध्ये बाँकी रहेका १०८ कोटाहरुमा डिप्लोमा तहमा **निःशुल्क** प्राविधिक शिक्षा अध्ययन गर्नका लागि योग्य नेपाली नागरिकहरुबाट प्रवेश परीक्षाको आवेदन फाराम भरी बुझाउनु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**१. लक्षित बर्ग :**

क) तपसिल अनुसारका ८० वटा पालिकामा स्थायी वसोवास गर्ने १०८ जना छात्रछात्राहरु

| क्र.स. | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| १ | कोशी | इलाम | माई जोगमाई गाउँपालिका |
| २ | कोशी | इलाम | माई नगरपालिका |
| ३ | कोशी | खोटाङ्ग | केपिलासगढी गाउँपालिका |
| ४ | कोशी | खोटाङ्ग | दिप्रुङ्ग गाउँपालिका |
| ५ | कोशी | खोटाङ्ग | बराहपोखरी गाउँपालिका |
| ६ | कोशी | ताप्लेजुङ्ग | आठराईत्रिवेणी गाउँपालिका |
| ७ | कोशी | ताप्लेजुङ्ग | फक्ताङ्लुङ्ग गाउँपालिका |
| ८ | कोशी | ताप्लेजुङ्ग | मिक्वाखोला गाउँपालिका |
| ९ | कोशी | ताप्लेजुङ्ग | याङ्वरक गाउँपालिका |
| १० | कोशी | ताप्लेजुङ्ग | सिदिङ्वा गाउँपालिका |
| ११ | कोशी | तेह्रथुम | फेदाप गाउँपालिका |
| १२ | कोशी | तेह्रथुम | मेन्छयायेम गाउँपालिका |
| १३ | कोशी | धनकुटा | खाल्सा छिन्ताङ्ग सहिदभूमि |
| १४ | कोशी | पाँचथर | हिलिहाङ्ग गाउँपालिका |
| १५ | कोशी | भोजपुर | साल्पासिलिछो गाउँपालिका |
| १६ | कोशी | मोरङ्ग | कटहरी गाउँपालिका |
| १७ | कोशी | मोरङ्ग | सुनवर्षी नगरपालिका |
| १८ | कोशी | सङ्खुवासभा | चिचिला गाउँपालिका |
| १९ | कोशी | सङ्खुवासभा | मकालु गाउँपालिका |
| २० | कोशी | सङ्खुवासभा | सभापोखरी गाउँपालिका |
| २१ | कोशी | सुनसरी | गढी गाउँपालिका |
| २२ | कोशी | सुनसरी | दुहबी नगरपालिका |
| २३ | कोशी | सुनसरी | भोक्राहा गाउँपालिका |
| २४ | कोशी | सोलुखुम्बु | खुम्बुपासाङल्हामु गाउँपालिका |
| २५ | कोशी | सोलुखुम्बु | लिखु पिके गाउँपालिका |
| २६ | मधेश | धनुषा | क्षिरेश्वरनाथ नगरपालिका |
| २७ | मधेश | धनुषा | धनौजी गाउँपालिका |
| २८ | मधेश | पर्सा | जगरनाथपुर गाउँपालिका |
| २९ | मधेश | पर्सा | जिराभवानी गाउँपालिका |
| ३० | मधेश | पर्सा | धोबीनी गाउँपालिका |
| ३१ | मधेश | पर्सा | पटेर्वासुगौली गाउँपालिका |
| ३२ | मधेश | पर्सा | बिन्दबासिनी गाउँपालिका |
| ३३ | मधेश | बारा | देवताल गाउँपालिका |
| ३४ | मधेश | बारा | बारागढी गाउँपालिका |
| ३५ | मधेश | महोत्तरी | साम्सी गाउँपालिका |
| ३६ | मधेश | रौतहट | परोहा नगरपालिका |
| ३७ | मधेश | रौतहट | बौधीमाई नगरपालिका |
| ३८ | मधेश | रौतहट | राजपुर नगरपालिका |
| ३९ | मधेश | ससरी | महादेवा गाउँपालिका |
| ४० | मधेश | सर्लाही | चक्रघट्टा गाउँपालिका |
| ४१ | मधेश | सर्लाही | धनकौल गाउँपालिका |
| ४२ | मधेश | सर्लाही | पर्सा गाउँपालिका |
| ४३ | मधेश | सर्लाही | बसबरिया गाउँपालिका |
| ४४ | मधेश | सर्लाही | रामनगर गाउँपालिका |
| ४५ | बागमती | काभ्रेपलान्चोक | नमोबुद्ध नगरपालिका |
| ४६ | बागमती | काभ्रेपलान्चोक | मण्डनदेउपुर नगरपालिका |
| ४७ | बागमती | चितवन | खैरहनी नगरपालिका |
| ४८ | बागमती | नुवाकोट | तारकेश्वर गाउँपालिका |
| ४९ | बागमती | नुवाकोट | दुप्चेश्वर गाउँपालिका |
| ५० | बागमती | नुवाकोट | मेघाङ्ग गाउँपालिका |
| ५१ | बागमती | रसुवा | पार्वतीकुण्ड गाउँपालिका |
| ५२ | बागमती | सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका |
| ५३ | बागमती | सिन्धुली | ध्याङलेख गाउँपालिका |
| ५४ | गण्डकी | बाग्लुङ्ग | तमानखोला गाउँपालिका |
| ५५ | गण्डकी | गोरखा | चुमनुब्री गाउँपालिका |
| ५६ | गण्डकी | तनहुँ | देवघाट गाउँपालिका |
| ५७ | गण्डकी | पर्बत | जलजला गाउँपालिका |
| ५८ | गण्डकी | पर्बत | पैयुं गाउँपालिका |
| ५९ | गण्डकी | मनाङ्ग | नारफु गाउँपालिका |
| ६० | गण्डकी | मनाङ्ग | नाशोङ गाउँपालिका |
| ६१ | गण्डकी | मनाङ्ग | नेस्याङ गाउँपालिका |
| ६२ | गण्डकी | मुस्ताङ्ग | दालोमे गाउँपालिका |
| ६३ | गण्डकी | मुस्ताङ्ग | बाह्रगाउँमुक्तिक्षेत्र गाउँपालिका |
| ६४ | गण्डकी | लमजुङ्ग | दुधपोखरी गाउँपालिका |
| ६५ | गण्डकी | लमजुङ्ग | दोर्दी गाउँपालिका |
| ६६ | लुम्बिनी | अर्घाखाँची | शितगङ्गा नगरपालिका |
| ६७ | लुम्बिनी | अर्घाखाँची | भुमिकास्थान नगरपालिका |
| ६८ | लुम्बिनी | रुपन्देही | ओमसतिया गाउँपालिका |

| क्र.स. | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| ६९ | लुम्बिनी | रुपन्देही | कोटहीमाई गाउँपालिका |
| ७० | लुम्बिनी | रुपन्देही | सम्मरीमाई गाउँपालिका |
| ७१ | कर्णाली | कालिकोट | पलाता गाउँपालिका |
| ७२ | कर्णाली | डोल्पा | छार्काताङसोङ गाउँपालिका |
| ७३ | कर्णाली | डोल्पा | डोल्पोबुद्ध गाउँपालिका |
| ७४ | कर्णाली | डोल्पा | शेफोक्सुण्डो गाउँपालिका |
| ७५ | कर्णाली | दैलेख | ठाँटीकाँध गाउँपालिका |

| क्र.स. | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| ७६ | कर्णाली | सल्यान | ढोरचौर गाउँपालिका |
| ७७ | कर्णाली | हुम्ला | अदानचुली गाउँपालिका |
| ७८ | सुदुरपश्चिम | कञ्चनपुर | लालझाडी गाउँपालिका |
| ७९ | सुदुरपश्चिम | बझाङ्ग | काँडा गाउँपालिका |
| ८० | सुदुरपश्चिम | बाजुरा | पाण्डव गुफा गाउँपालिका |

**२. शैक्षिक कार्यक्रम, कोटा संख्या र अध्ययनका लागि तोकिएको शिक्षालय**

| सि नं. | शिक्षालयको नाम र ठेगाना | कार्यक्रम | कोटा |
|---|---|---|---|
| १. | उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटा | डिप्लोमा इन फार्मेसी | ३६ |
| २. | दिनेश रामजी बहुप्राविधिक शिक्षालय, सिन्धुपाल्चोक | डिप्लोमा इन फार्मेसी | ३६ |
| ३. | शहिद यज्ञेश्वर बहुप्राविधिक शिक्षालय रुकुम पश्चिम | डिप्लोमा इन फार्मेसी | ३६ |

**३. आवश्यक न्यूनतम योग्यता :**

(क) **अक्षराङ्कन पद्धति लागु हुनु पूर्व :** मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा प्राविधिक एस.एल.सी./प्रि डिप्लोमा तह सिएमए कार्यक्रममा कुल पूर्णाङ्कको ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको ।

(ख) **अक्षराङ्कन पद्धतिको लागू भए पश्चात:** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २ जि.पि.ए. अथवा सो सरह वा प्रि-डिप्लोमा तह सि.एम.ए कार्यक्रममा कुल पूर्णाङ्कको ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको ।

**४. आवेदन फाराम पाइने तथा बुझाउने स्थानहरु :**
**परीक्षार्थीहरुले आफ्नो पालिका भएको प्रदेशमा मात्र आवेदन फाराम बुझाउनु पर्नेछ ।**

**(क) कोशी प्रदेश अन्तर्गतका पालिकाका आवेदकहरुका लागि**
- परिषद्, कोशी प्रदेश कार्यालय, इटहरी, सुनसरी
- उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटा

**(ख) मधेश प्रदेश अन्तर्गतका पालिकाका आवेदकहरुका लागि**
- परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुरधाम, धनुषा
- लहान प्राविधिक शिक्षालय, लहान, सिरहा
- प्रसौनी बहुप्राविधिक शिक्षालय, प्रसौनी, बारा

**(ग) बागमती प्रदेश अन्तर्गतका पालिकाका आवेदकहरुका लागि**
- परिषद्, प्रदेश कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर
- दिनेश रामजी बहुप्राविधिक शिक्षालय, सिन्धुपाल्चोक
- बालाजु स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाण्डौ

**(घ) गण्डकी प्रदेश अन्तर्गतका पालिकाका आवेदकहरुका लागि**
- परिषद्, गण्डकी प्रदेश कार्यालय, मालेपाटन, पोखरा, कास्की
- कालीगण्डकी बहुप्राविधिक शिक्षालय, तनहुं

**(ङ) लुम्बिनी प्रदेश अन्तर्गतका पालिकाका आवेदकहरुका लागि**
- परिषद्, लुम्बिनी प्रदेश कार्यालय, नयांगाउं, बुटवल, रुपन्देही
- भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज, बांके

**(च) कर्णाली प्रदेश अन्तर्गतका पालिकाका आवेदकहरुका लागि**
- परिषद्, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत
- शहिद यज्ञश्वर बहुप्राविधिक शिक्षालय रुकुम पश्चिम

**(छ) सुदुरपश्चिम प्रदेश अन्तर्गतका पालिकाका आवेदकहरुका लागि**
- परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
- सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी

(आवेदन फाराम प.नि.का.को वेभसाईट www.ctevtexam.org.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ)

**५. आवेदन फाराम भर्ने मिति:**

फाराम बितरण मिति : २०८० माघ २५ गते विहिबार देखि
फाराम बुझाउने अन्तिम मिति : २०८० फागुन १६ गते बुधबार सम्म
आवेदन फाराम शुल्क : नि:शुल्क

**६. प्रवेश परीक्षा संचालन हुने मिति** : २०८० फागुन २६ गते शनिवार बिहान ११:०० बजे

**७. प्रवेश परीक्षा संचालन हुने स्थान: (क) कोशी प्रदेश:** इटहरी, **(ख) मधेश प्रदेश:** जनकपुर, (ग) **बागमती प्रदेश:** काठमाण्डौ, **(घ) गण्डकी प्रदेश:** पोखरा, **(ङ) लुम्बिनी प्रदेश:** बुटवल, **(च) कर्णाली प्रदेश:** सुर्खेत र **(छ) सुदुरपश्चिम प्रदेश:** धनगढी

**नोट:** परीक्षा केन्द्र सम्बन्धी विस्तृत जानकारी २०८० फागुन २१ गतेको गोरखापत्र राष्ट्रिय दैनिक र www.ctevtexam.org.np मा प्रकाशन गरिनेछ ।

**९. आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

फाराम साथ पेश गर्नुपर्ने प्रमाणपत्रहरु परीक्षार्थी स्वयंले प्रमाणित गरी सूची बमोजिम पेश गर्नुपर्नेछ । आवेदन फाराममा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरी पेश गरेमा परीक्षार्थीहरुको फाराम रद्ध हुनेछ ।

(क) नागरिकताको प्रमाणपत्र वा नेपाली नागरिक हो भनी प्रमाणित हुने नावालिग वा जन्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
(ख) पालिकाबाट स्थायी बसोबास गरेको प्रमाण पत्रको प्रतिलिपि ।

(ग) एस.इ.ई, प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा उत्तीर्ण गरेको मार्कशीट, चारित्रिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी र २९ महिने प्राविधिक एस.एल.सी.को हकमा टेष्ट परीक्षाको लब्धाङ्क पत्र ।

(घ) माइग्रेशन र समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (नेपाल सरकारको एस.इ.ई बोर्ड बाहेकका अन्य बोर्डबाट उत्तीर्णहरुका हकमा आवश्यक पर्ने) ।

(ङ) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को ३ प्रति फोटो ।

(च) बसाई सराईको हकमा सूचना प्रकाशन भएको मितिभन्दा छ (६) महिना अगाडि बसाई सराई गरिएको स्थानीय निकायको पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**१०. छनौट प्रकृया सम्वन्धी जानकारी :**

क) सूचनामा तोकिएको समय भित्र न्यूनतम योग्यता पुगी रितपूर्वक आवेदन फाराम भरेका आवेदकहरुलाई मात्र प्रवेश परीक्षामा समावेश गराइनेछ ।

ख) सम्बन्धित शिक्षण संस्था/कार्यालयले सूचनामा तोकिएको अवधि भित्र आवेदन फारामहरुलाई परिषद्, प.नि.का बाट उपलब्ध गराइएको Web Based Online Integrated Training Management System (ITMS) मा इन्ट्री गर्नु पर्नेछ । अनलाइन इन्ट्री गरेका फाराम परीक्षा नियन्त्रण कार्यालयबाट स्वीकृत भएपछि परीक्षार्थीको सिम्बोल नम्बर कायम गरी प्रवेशपत्र जारी गरिनेछ र प्रवेशपत्र प्राप्त परीक्षार्थीहरुलाई मात्र प्रवेश परीक्षामा समावेश गरिनेछ ।

ग) तोकिएको मिति भित्र आवेदन फाराम भरी शिक्षण संस्था/कार्यालयबाट अनलाइन आवेदन फाराम इन्ट्री भएका परीक्षार्थीहरु मध्येबाट प्रवेशिका परीक्षा वा एस.ई.ई. प्राप्त गरेको प्राप्ताङ्कको योगफल र प्रवेश परीक्षामा प्राप्त गरेको अंकका आधारमा उच्चतम अङ्क अनुसार योग्यताक्रम निर्धारण गरी मुख्य उम्मेदवार र उत्तीर्ण सूची तयार गरिनेछ ।

घ) प.नि.का.बाट रितपूर्वकको अनलाइन आवेदन फाराम इन्ट्री भई प्रवेश परीक्षामा सामेल भएका आवेदकहरु मध्येबाट निम्नानुसार योग्यताक्रम निर्धारण गरिनेछ ।

(अ) प्रवेशिका परीक्षा वा एस.ई.ई. मा प्राप्त गरेको प्राप्ताङ्कलाई प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८० अनुसार ३० प्रतिशत अंकभार प्रदान गरिनेछ ।

(आ) प्रवेश परीक्षा वापत ७० प्रतिशत अंकभार प्रदान गरिनेछ । जसको लागि कक्षा १० स्तरको अनिवार्य गणितबाट २०, विज्ञानबाट २० र अंग्रेजीबाट २० वटा गरी जम्मा ६० वटा बहुउत्तर प्रश्नहरु सोधिनेछ ।

(इ) प्रमाणपत्र वापतको प्राप्ताकं र प्रवेश परीक्षाको प्राप्ताकंलाई जोडेर योग्यताक्रम तयार गरिनेछ । योग्यताक्रममा समावेश हुनका लागि न्यूनतम ३५ अंक प्राप्त गर्नुपर्नेछ ।

(ई) योग्यताक्रम तयार गर्दा प्राप्ताङ्क बराबर भएमा भर्ना सम्वन्धी निर्देशिकामा उल्लेख भए अनुसार हुनेछ ।

ङ) उपरोक्त बिधिबाट नतिजा तयार गरी उच्चतम अङ्कको आधारमा आवेदकले प्राथमिकिकरण गरेको शिक्षालय अनुसार नतिजा प्रकाशन गरी भर्नाको लागि सिफारिस गर्ने र सो को जानकारीको सूचना गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरी www.ctevtexam.org.np मा नतिजा प्रकाशन गरिनेछ ।

**११. कोटा रिक्त भएको सम्वन्धमा :**

डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८० अनुसार सम्वन्धित शिक्षालयले गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरी पूर्ति गर्नुपर्नेछ ।

**१२. रजिष्ट्रेशन सम्वन्धमा :**

कार्यक्रममा भर्ना भएको परीक्षार्थीलाई नतिजा प्रकाशन भएको १५ दिन भित्रमा शिक्षण संस्थाले रजिष्ट्रेशन फाराम समेत भराई ITMS मा Online Entry गरी समष्टिगत विवरण सहीत सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा फाइल पेश गर्नुपर्नेछ ।

**१३. पुनश्च:**

(क) आवेदन फाराम बुझाउने स्थान तोकिएका शिक्षण संस्था/कार्यालयहरुले आवेदकहरुबाट रितपूर्वक भरीएको आवेदन फारामहरु अन्तिम म्याद भित्र संकलन गरी ITMS मा प्रविष्ट गराउनु पर्नेछ । आवेदन फाराम बुझाउने शिक्षण संस्था/कार्यालयमा Online Entry तथा आवेदन फाराम व्यवस्थापन गर्ने कर्मचारीलाई आवेदकको सम्पुर्ण विवरण Entry गराएको खण्डमा मात्र प्रति आवेदन रु. ५०। का दरले पारिश्रमिक प्रदान गरिनेछ ।

(ख) शिक्षण संस्था/कार्यालयहरुले आवेदन फाराम रुजु गरी स्वीकृत भएपछि मिति २०८०।११।१८ गते भित्रमा ITMS मा Online Entry गरी सक्नुपर्नेछ । आवेदकहरु सवैको Online Entry गरिसकेपछि आवेदन फारामहरु शिलवन्दी गरी परीक्षा नियन्त्रण कार्यालयमा नतिजा प्रकाशनका लागि मिति २०८०।११।२६ गते सम्ममा पठाउनु पर्नेछ ।

(ग) प्रवेश परीक्षाबाट मुख्य परीक्षार्थीको रुपमा सिफारिश भई तोकिएको शिक्षण संस्थामा भर्ना भई परिषद् रजिष्ट्रेशन कायम भएमा बिद्यार्थीहरुलाई निर्वाह भत्ता बापत प्रति महिना रु. ३,५००।, यातायात खर्च बापत प्रति बर्ष रु. १,५००।, पोशाक खर्च बापत प्रतिबर्ष रु २,५००। तथा प्रशिक्षण अवधिभरका लागि नि:शुल्क छात्रावासको व्यवस्था गरिनेछ ।

(घ) परिषद् अन्तर्गतका अन्य कार्यक्रममा रजिष्ट्रेशन प्रकिया भई अध्ययनरत बिद्यार्थीहरुले यस बमोजिमको छात्रबृत्तिमा आवेदन फाराम भर्न पाउने छैनन् । त्यस्तो परीक्षार्थीले आवेदन फाराम भरेको पाइमा स्वत: रद्ध हुनेछ ।

(ङ) भर्ना भएका परीक्षार्थीहरुको कक्षा संचालन मिति २०८१।०१।०३ गते देखि शुरु हुनेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**